# शिक्षण सेवा



Teaching [illegible]

CLS350

Nepali

# शिक्षण सेवा

(The Teaching Ministry)

---


लेखकः मर्जोरी स्टेवार्ट

अनुवादकः बाल कृष्ण शर्मा



आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ नेपाल

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ नेपाल

© १९९८ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल

प्रतिः २०००

Published by
ICI University
P. o. Box 4245
Kathmandu, Nepal

The Teaching Ministry
First Edition, 1998

# विषय सूची


| पाठ | पृष्ठ |
|---|---|
| आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं | ५ |
| १. शिक्षण सेवा हुन सक्छ | ८ |
| २. ख्रीष्टियान शिक्षण महत्त्वपूर्ण छ | २८ |
| ३. ख्रीष्टियान शिक्षण विशेष छ | ४८ |
| ४. प्रत्येक व्यक्तिलाई शिक्षणको आवश्यकता पर्छ | ६४ |
| ५. प्रत्येक व्यक्ति शिक्षक हुन सक्छ | ८२ |
| ६. तपाईंलाई टेबिलको आवश्यकता छैन | १०२ |
| ७. तपाईंलाई सन्देशको आवश्यकता छ | ११६ |
| ८. अनि तपाईंलाई प्रणाली (तरीका)-को आवश्यकता छ | १३४ |
| ९. येशूले असल प्रणाली (तरीका)-हरू प्रयोग गर्नुभयो | १५२ |

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

**तपाईंका अध्ययन सहायक लेखकका तर्फबाट दुइ शब्द**

मेरी सङ्गी ज्योति हाम्रो घरेलु बाइबल अध्ययनमा आइन्। परमेश्वरले आफ्नो वचनमा भन्नुभएको कुरालाई हामीले सिकाउँदा तिनले सुनिन् र सिकिन्। आफूले सिकेका कुराहरूका बारेमा ज्योति अति उत्साहित बनिन्। तिनी घरमा फर्केपछि आफ्ना सात जना केटाकेटीहरूलाई सिकाउन थालिन्। तिनीहरू प्रत्येक ख्रीष्टियान बने। तब तिनले आफ्नो छिमेकमा भएका केटाकेटीहरूलाई हप्ताको एक दिन दिउसो आफ्नो घरमा बोलाइन्। तिनले येशूको बारेमा तिनीहरूलाई सिकाइन्। धेरै केटाकेटीहरूले येशूलाई प्रेम गर्न सिके। तिनीहरूले उहाँलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरे। कसैले ज्योतिलाई सिकाएको हुनाले तिनी अरूहरूका निम्ति शिक्षक बनिन्।

यसरी नै ख्रीष्टियान शिक्षणले काम गर्छ। योचाहिँ सानो ढुङ्गालाई पानीले भरिएको पोखरीमा फाल्नुजस्तो हो। पानीका लहरहरू किनारतिर दौडिन्छन्। जब हामी एक जनालाई सिकाउँछौं र तिनीहरूले अरूहरूलाई सिकाउँछन्, नतीजाहरूचाहिँ पानीका लहरजस्तै हुन्छन् र हामी वरिपरि भएको सबै संसारमा पुग्छन्।

तपाईंले कसरी एक सुन्दर शिक्षण सेवा पाउन सक्नुहुन्छ भनी बुझ्नका लागि यस पाठ्यक्रमले तपाईंलाई सहायता पुऱ्याएको होस् भनी मैले प्रार्थना गरेको छु। सिकाउने आज्ञालाई यदि

तपाईंले पालन गर्नुभयो भने, जीवनहरू परिवर्तन हुनेछन्। अनि तपाईंले जस-जसलाई सिकाउनुहुन्छ तिनीहरूले अरूहरूलाई सिकाउन सक्नेछन्।

**तपाईंको अध्ययन सहयोगी**

*शिक्षण सेवा* भनिने यो पुस्तक पकेट साइजको भएका हुनाले तपाईं जहाँ जानुहुँदा पनि यसलाई साथमा लगेर फुर्सतको समयमा अध्ययन गर्न सक्नुहुन्छ। यस पुस्तकलाई अध्ययन गर्नको निम्ति हरेक दिन केही समय छुट्याउनुहोस्।

प्रत्येक पाठको शुरूका नै मुख्य **उद्देश्यहरू** दिइएका छन्। *उद्देश्य* शब्दले पाठबाट तपाईंले के सिक्ने आशा राख्नुभएको छ, सो कुरा बताउँछ। एक *उद्देश्य* कुनै लक्ष्य हो र तपाईंले यी उद्देश्यहरूलाई आफ्नो मनमा राख्नुभयो भने अझै राम्रोसँग अध्ययन गर्न सक्नुहुनेछ।

प्रत्येक पाठका शुरूमा दुइ पृष्ठहरूलाई बड़ो ध्यानपूर्वक अध्ययन गर्नुहोस्। आउने कुराहरूका निम्ति यसले तपाईंको मनलाई तयारी पार्छ। त्यसपछि पाठलाई खण्ड-खण्ड गरी अध्ययन गर्नुहोस् र *तपाईंको अभ्यासको निम्ति* भनी राखिएको शीर्षकका निर्देशनहरूलाई पालन गर्नुहोस्। यदि तपाईंको अध्ययन सहायक-पुस्तिकामा अध्ययन प्रश्नहरूका उत्तरहरू लेख्ने पर्याप्त ठाउँ छैन भने तिनीहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस् र यसरी पछि पाठलाई दोहोऱ्याउँदा तपाईं यसलाई फेरि हेर्न सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यक्रमलाई समूहसँग मिलेर अध्ययन गर्नुभएको छ भने, तपाईंको समूहका अगुवाको निर्देशन पालन गर्नुहोस्।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नका निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले *विद्यार्थी प्रतिवेदन* प्रश्न पुस्तिका भन्ने छुट्टै पुस्तक पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहयोगी पुस्तिकाले बताउँछ।

आई सी आई कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्। यस पाठको समाप्तिमा तपाईंलाई सुन्दर प्रमाणपत्र पठाइनेछ।

## लेखकका बारेमा

मर्जोरी स्टेवार्ट नर्थवेस्ट कलेज, वासिङ्गटनमा प्राध्यापकको काम गर्नुहुन्छ। उहाँ र उहाँका श्रीमान् पास्टरी काममा संलग्न भई छिमेकी बाइबल अध्ययन कार्यक्रमको विकासमा सक्रिय हुनुहुन्छ।

अब तपाईं पहिलो पाठ शुरू गर्न तयार हुनुभएको छ। तपाईंले अध्ययन गर्नुहुँदा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्!